# गौरी खण्डकाव्यमा वर्णविन्यास वक्रता

रामदत्त जोशी
परीक्षा क्रमाङ्क : २८०६७३/०७३
त्रि.वि. दर्ता नं. : ९-२-८१९-६३-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,
नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर
तह चौथो सत्रको (नेपा.शि. ५४४)
पाठ्यांशको प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

**२०७३/2016**

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
कीर्तिपुर, काठमाडौँ

## प्रतिबद्धतापत्रक

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोधप्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मितिः २०७३/०८/०७

................
रामदत्त जोशी
(शोधार्थी)

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्र नेपा.शि ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *गौरी खण्डकाव्यमा वर्णविन्यास वक्रता* शीर्षकको शोधपत्र शोधार्थी रामदत्त जोशीले मेरो निर्देशनमा तयार पार्नुभएको हो । शोधार्थीको शोधकार्यबाट म सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

सहप्रा.केशवराज पोखरेल

शोधनिर्देशक

मिति : २०७३/०९/०६

Dec 21, 2016

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली भाषा शिक्षा विभाग**

**शिक्षाशास्त्र सङ्काय**

**कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठयांशको प्रयोजनार्थका लागि यस सङ्कायतर्फका छात्र रामदत्त जोशीद्वारा तयार पारिएको *गौरी खण्डकाव्यमा वर्णविन्यास वक्रता* शीर्षकको शोधपत्र उक्त प्रयोजनका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) .........................

२. सहप्रा.केशवराज पोखरेल (शोधनिर्देशक) .........................

३. सहप्रा.डा. ऋषिराम शर्मा (शोधविशेषज्ञ) .........................

मिति : २०७३/०९/१७

Jan 01, 2016

# कृतज्ञताज्ञापन

प्रस्तुत *गौरी खण्डकाव्यमा एकवर्णविन्यास वक्रता* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पुरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र मैले आदरणीय गुरु सहप्रा. केशवराज पोखरेलको निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय खर्चेर मलाई कुशल निर्देश गर्नुहुने आदरणीय गुरुप्रति प्रथमतः हार्दिक कृतज्ञता तथा श्रद्धाभाव व्यक्त गर्दछु । मलाई यस विषयमा शोधकार्य गर्न अनुमति प्रदान गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रामप्रसाद भट्टराईप्रति पनि कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै नेपाली भाषा विषयका विशेषज्ञ आदरणीय गुरु प्रा.डा. पारसमणि भण्डारी तथा नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरु तथा गुरुआमाप्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

शोधकार्य सम्पन्न गर्नका लागि जजसका लेख, रचना, समालोचना एवम् शोध प्रतिवेदन उपयोग गरेको छु, उहाँहरूप्रति पनि धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै आवश्यक पाठ्यसामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागको विभागीय पुस्तकालय पनि धन्यवादका पात्र छन् । मेरो जीवनमा अविच्छिन्न सफलताको चहनाराखि अगाडि बढ्न प्रेरणा प्रदान गर्नुहुने पूजनीय बुबा जगन्नाथ जोशी र ममतामयी आमा जानकी जोशीप्रति सधैं ऋणी छु । शोधकार्यका क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने मेरा आदरणीय काका हरिदत्त जोशी र आदरणीय दाजु डम्बरदत्त जोशीलाई पनि बिर्सन सक्दिनँ । त्यस्तै दाजु ताराप्रसाद र भाइ केशवराजको सहयोग पनि प्रसशंनीय रहेको छ । शोधकार्य सम्पन्न गर्न विभिन्न क्षेत्रबाट उत्साह प्रदान गर्नुहुने मेरा सहपाठी मित्रहरूको सद्भाव पनि अवस्मरणीय रहेको छ । तसर्थ म उहाँहरूप्रति पनि कृतज्ञ छु ।

अन्तमा शोधपत्रलाई टङ्कन व्यवस्थापन गरी सहयोग पुऱ्याउनु हुने विपिन सुवेदीप्रति पनि आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

रामदत्त जोशी

शोधार्थी

# शोधसार

शोधशीर्षक : *गौरी खण्डकाव्यमा वर्णविन्यास वक्रता*

शोधार्थी : रामदत्त जोशी

शोधनिर्देशक : सहप्रा. केशवराज पोखरेल

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर काठमाडौं ।

शैक्षिक वर्ष : २०७२/७३

पृष्ठ सङ्ख्या : ११+११२

अध्याय : आठ

**उद्देश्य**

(क) गौरी खण्डकाव्यमा एक वर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

(ख) गौरी खण्डकाव्यमा द्विवर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

(ग) गौरी खण्डकाव्यमा बहुवर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

(घ) गौरी खण्डकाव्यमा संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण गर्नु ।

**शोधप्रक्रिया**

प्रस्तुत शोधपत्र मूलतः कुन्तकको वक्रोक्ति सिद्धान्तमा आधारित छ । यसमा गौरी खण्डकाव्यका प्रत्येक श्लोकबाट सोद्देश्य नमुना छनोट विधिद्वारा प्रत्येक सर्गबाट दुई/दुई वटा श्लोक चयन गरी वक्रताको पहिलो भेद वर्णविन्यास वक्रता केलाइएको छ । त्यसअन्तर्गत वर्णविन्यास वक्रताका भेदमध्ये एकवर्णविन्यास, द्विवर्णविन्यास तथा बहुवर्णविन्यास वक्रता विश्लेषणका लागि चयनीय कवितालाई तालिकीकरण गरी व्यवधानयुक्त र व्यवधानमुक्त तथा शैलीशिल्पका आधारमा विश्लेषण गरिएको छ भने संयुक्त वर्णविन्यास वक्रतालाई त्यसका भेद वर्गान्तयोगी, तलनादि र रकारादि तथा कवितात्मक शैलीशिल्पका आधारमा विश्लेषण गरी अन्तमा शोधनिष्कर्ष प्रस्तुत गरिएको छ ।

## शोधनिष्कर्ष

(क) एकवर्णविन्यास, द्विवर्णविन्यास र बहुवर्णविन्यास वक्रता गौरी खण्डकाव्यमा समान रूपमा नरही एकवर्णविन्यासको आवृत्ति अरूको तुलनामा बढी देखियो । आवृत्ति भएका वर्णहरूमध्ये सबैभन्दा बढी न, म, क, र जस्ता वर्णहरूको आवृत्तिगत सौन्दर्य रहेको छ । साथै बहुवर्णविन्यास सबै वर्णविन्यासको तुलनामा अपेक्षाकृत कम प्रयोग भएको देखियो ।

(ख) खण्डकाव्यमा एकवर्णविन्यास, द्विवर्णविन्यास र बहुवर्णविन्यासका व्यवधानयुक्त र व्यवधानमुक्त भेदमा व्यवधानमुक्त भेदभन्दा व्यवधानयुक्त वर्णहरूको आवृत्ति बढी रहेको पाइयो र त्यसमा पनि एकवर्णविन्यास वक्रताको मात्रा बढी नै देखियो ।

(ग) संयुक्त वर्णविन्यासका भेदमध्ये खण्डकाव्यमा रकारादि वर्णहरूको आवृत्ति बढी देखिएता पनि वर्गान्तयोगी र तलनादि वर्णहरू पनि कविताको सौन्दर्य पक्ष बढाउनमा महत्त्वपूर्ण रहेका देखिन्छन् ।

(घ) कवितामा साधनका रूपमा प्रयोग भएका सबै प्रकारका वर्णहरूलाई हेर्दा खण्डकाव्य मूलतः करुणरस प्रधान, शब्दालङ्कारयुक्त पदरचना, वैदर्भीरीति प्रधान, माधुर्य गुण तथा विविध अनुप्रासमा बन्धित वर्णहरूले शैलीवैज्ञानिक समानान्तरता तथा लयसङ्गीतलाई उत्कर्षमा पुऱ्याएका हुनाले खण्डकाव्य श्रुतिमधुरतम वर्णहरूका योगले उत्कृष्ट रहेको छ ।

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको विवरण तथा समीक्षा ३

१.४.१ घिमिरेका व्यक्तित्व र कृतित्वसँग सम्बन्धित शोधकार्य ४

१.४.२ वक्रोक्ति सिद्धान्तका आधारमा गरिएका पूर्वकार्य ६

१.५ शोधको औचित्य ११

१.६ अध्ययनको सीमाङ्कन १२

१.७ शोधकार्यको रूपरेखा १२


## अध्याय दुई

## अध्ययनको सैद्धान्तिक स्वरूप


२.१ वक्रोक्तिवादको परिचय १३

२.२ वर्णविन्यास वक्रता र त्यसका प्रकार १५

२.३ वक्रोक्ति तथा अन्य काव्यसिद्धान्त १९

२.३.१ वक्रोक्रि र रससिद्धान्त २०

२.३.२ वक्रोक्ति र अलङ्कारसिद्धान्त २१

२.३.३ वक्रोक्ति र रीतिसिद्धान्त २३

२.३.४ वक्रोक्ति र गुणसिद्धान्त २४

२.३.५ वक्रोक्ति र शैलीविज्ञान २६

२.३.६ वक्रोक्ति र सङ्गीत २८

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया


३.१ अध्ययनको ढाँचा ३०

३.२ जनसङ्ख्या ३०

३.३ प्रतिनिधि नमुना छनोट ३०

३.४ सामग्री सङ्कलनका स्रोत ३०

३.४.१ प्राथमिक स्रोत ३१

३.४.२ द्वितीयक स्रोत ३१

३.५ सामग्री सङ्कलन प्रक्रिया ३२

३.६ अध्ययनको आधार ३२

३.७ सामग्री विश्लेषणको ढाँचा ३२


## अध्याय चार

## गौरी खण्डकाव्यका कवितामा एकवर्णविन्यास वक्रता


४.१ परिचय ३४

४.२ गौरी खण्डकाव्यका कवितामा एकवर्णविन्यास वक्रताको स्थिति ३४

४.२.१ व्यवधानयुक्त एकवर्णविन्यास वक्रता ४४

४.२.२ अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता ५०

४.२.३ कवितात्मक शैलीशिल्प र एकवर्णविन्यास वक्रता ५१

४.३ निष्कर्ष ५२

## अध्याय पाँच

## गौरी खण्डकाव्यका कवितामा द्विवर्णविन्यास वक्रता


५.१ परिचय ५४

५.२ गौरी खण्डकाव्यका कवितामा द्विवर्णविन्यास वक्रताको स्थिति ५४

५.२.१ व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता ६३

५.२.२ अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता ६८

५.२.३ कवितात्मक शैलीशिल्प र द्विवर्णविन्यास वक्रता ६८

५.३ निष्कर्ष ६९


## अध्याय छ

## गौरी खण्डकाव्यका कवितामा बहुवर्णविन्यास वक्रता


६.१ परिचय ७०

६.२ गौरी खण्डकाव्यका कावितामा बहुवर्णविन्यासको स्थिति ७०

६.२.१ व्यवधायुक्त बहुवर्णविन्यास वक्रता ७९

६.२.२ अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता ८१

६.२.३ कवितात्मक शैलीशिल्प र बहुवर्णविन्यास वक्रता ८२

६.३ निष्कर्ष ८३


## अध्याय सात

## गौरी खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यास वक्रता


७.१ परिचय ८४

७.२ गौरी खण्डकाव्यका कवितामा संयुक्त वर्णविन्यासको स्थिति ८४

७.२.१ वर्गान्तयोगी संयुक्त वर्णविन्यास वक्रता ९३

७.२.२ तलनादि संयुक्त वर्णविन्यास वक्रता ९५

७.२.३ रकारादि संयुक्त वर्णविन्यास वक्रता ९६

७.२.४ कवितात्मक शैलीशिल्प र संयुक्त वर्णविन्यास वक्रता ९८

७.३ निष्कर्ष ९९

**अध्याय आठ**

**सारांश, निष्कर्ष र उपयोगिता**

८.१ सारांश १०२

८.२ निष्कर्ष १०४

८.३ शोधको उपयोगिता १०५

सन्दर्भसामग्री